मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

पत्र संख्या:०७९/०८०
चलानी नः

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१६ )

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७८/०७९ च.न. ३६३ को मिति २०७९।०३।२२ को पत्रानुसार यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १-२०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-
(क)नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
(ख)दरखास्तदिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
(ग) आधारभूत कम्प्युटर सीप सम्बन्धि कम्तिमा ३ महिनाको तालिम लिएको
२. दरखास्त दिने स्थान :- मध्यनेपाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भोर्लेटार , लमजुङ ।
३. दरखास्त दिने अन्तिम मिति :-सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन
४. आवेदन दस्तुर :- रु ५००।– (पाच सय मात्र )
५. छनोट किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्मक परिक्षा
६.आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु ।

- नागरिकता
- न्युनतम योग्यताको लब्धाङक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- कामसंग सम्बन्धित अनुभव भए सो खुल्ने कागजात
- कम्प्युटर सम्वन्धि तालिमको प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा र अन्य :-स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।
८.आवेदनको ढाँचा र रोजगारसहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धि अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमकोwww.pmep.gov.npतथा सम्बन्धित स्थानीय तहको वेवसाईटबाट प्राप्त गर्न सकिने छ ।

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकिय अधिकृत

CamScanner